नेपाल समाचार पत्र

# ORIENTAL HOTELS LTD.

पो. ब. नं. २२६९, लाजिम्पाट, काठमाडौं । फोन नं. ४४११८१८, ४४२३८८८ । फ्याक्स ४४२२३३०

## उनान्तीसौं (२९) वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०६।०४**

**श्री शेयरधनी महानुभावहरू,**

यस ओरियण्टल होटल्स् लिमिटेडको सञ्चालक समितिको मिति २०८३ आश्विन २ गते शुक्रबार बसेको आ.व. २०८३/८४ को दोस्रो बैठकको निर्णय बमोजिम कम्पनीको उनान्तीसौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल र निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा शेयरधनीहरू स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा उपस्थित हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति स्थान र समयः**

मितिः २०८३ आश्विन २९ गते बिहीबार (१५ अक्टोबर २०२६)

समयः दिनको ११:०० बजे ।

स्थानः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

**२. छलफलका विषयहरूः**

**क. सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको अध्यक्षज्यूको मन्तव्यसहित उनान्तीसौं वार्षिक साधारण सभा आ.व. २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८३ असार मसान्तको वासलात तथा आ. व. २०८२/८३ को नाफा नोक्सान हिसाब, एवम् सोही अवधिको नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वन्ध वित्तीय विवरण सहितका अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री सुवोध एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स, काठमाडौं, पुनः नियुक्त हुन सक्नुहुने छ ।)

**ख. विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**द्रष्टव्यः** शेयरधनी महानुभावहरूको सुविधाको लागि सभाहल बिहानको १० बजेदेखि खुला रहनेछ ।

## साधारण सभा सम्बन्धी जानकारी

१. उनान्तीसौं साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले आफ्नो शेयर प्रमाणपत्र वा हितग्राही (Demat Account) शेयर अभौतिकीकरण (Dematerialization) खाताको आधिकारिक निस्साका साथै आफ्नो परिचय खुल्ने प्रमाण (जस्तैः नागरिकताको प्रमाणपत्र, वा अन्य कुनै परिचयपत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउन हुन अनुरोध छ ।

२. सभामा भाग लिन तथा मतदान प्रतिनिधि नियुक्त गर्न चाहने महानुभावहरूले सभा शुरु हुने निर्धारित समय भन्दा कम्तीमा ४८ घण्टा अगावै एनआईएमवि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा प्रोक्सी दर्ता गरिसक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गरिसके पछि शेयरधनी स्वयं सभामा उपस्थित भएमा सो प्रोक्सी स्वतः बदर हुनेछ ।

३. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरूले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

४. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ ।

५. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुनुहुने शेयरधनी महानुभावहरूले झोला/ब्याग आदि नल्याई दिनहुन अनुरोध छ । सभा अवधिभर सभा स्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सुरक्षा जाँचमा सहयोग गरिदिनहुन शेयरधनी महानुभावहरूलाई अनुरोध छ ।

६. शेयरधनी महानुभावहरूको सुविधाका लागि हाजिरी पुस्तिका बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।

७. मिति २०८३/६/१३ गते देखि २०८३/६/२९ गतेसम्म कम्पनीको शेयर दाखिल खारेज बन्द गरिनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/६/१२ गतेसम्म नियमानुसार कारोवार भई यस कम्पनीको शेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका शेयरधनी महानुभावहरूलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

८. साधारण सभाको सूचना र आर्थिक विवरण शेयरधनीको दर्ता किताबमा कायम रहेका ईमेल ठेगानामा पठाइनेछ र यस कम्पनीको website: www.ohl.com.np मा साधारण सभा हुने मितिभन्दा अगावै राखिने छ ।

९. यस कम्पनीको शेयरधनी महानुभावहरूको शेयरधनी दर्ता किताबमा ईमेल ठेगाना भएमा सोहि ठेगानामा संक्षिप्त आर्थिक वार्षिक विवरण ईमेल गरिनेछ ।

१०. छलफलका विषयहरू मध्ये विविध शीर्षक अन्तर्गत कुनै प्रस्ताव भएमा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूले साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषयको जानकारी कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ ।

११. साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि Oriental Hotels Ltd. लाजिम्पाट, काठमाण्डौ (कम्पनी सचिवको कार्यालय) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

Radisson